नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ६५ २०७९ साल असोज १७ गते सोमबार (3 Oct 2022 Monday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : दसैं मनाउन १७ लाखले ... २ पृष्ठमा : दुर्गा पक्षको सातौं दिन ... ३ पृष्ठमाइन्डोनेसियामा फुटबल खेलका क्रममा..

# दशैंमा सप्तरीका शक्तिपीठ झकिझकाउ



**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

सप्तरीमा दशैंमा शक्तिपीठहरुलाई झकिझकाउ पारिएको छ । मन्दिर समिति तथा युवा क्लबले लाखौं रुँपैया खर्च गरेर शक्तिपीठहरु सिंगारेका छन् ।

प्रमुख शक्तिपीठ छिन्नमस्ता, कंकालिनी, राजदेवी, भगवती लगायतका मन्दिरलाई आकर्षक र झकिझकाउ पारिएको छ ।

सप्तरीको प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता, कंकालिनी, राजदेवी, भगवती लगायतका शक्तीपीठहरुमा विषेश पुजाअर्चना संगै दशनार्थीको भिड लागेको छ ।

यस अवसरमा शक्तीपीठहरुलाई सिंगारिने तथा विभिन्न टोल र चोकमा समेत दुर्गा प्रतिमा निर्माण र यी स्थानलाई रंगीचंगी पण्डाल तथा तोरणद्वार विषेशरुपले सिंगारिएको छ ।

दशैका बेला शक्तिपीठहरुमा देखिने भीड व्यवस्थापन तथा शान्ति सुरक्षाका लागी चाडपर्व लक्षित विषेश सुरक्षायोजना लागु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी माधव प्रसाद काफलेले बताए ।

प्रत्येक शक्तीपीठहरुमा निगरानीका लागी ठुलो संख्यामा सादा पोशाकमा समेत सुरक्षाकर्मी परिचालन गरिएको उनले जानकारी दिएका छन् ।

यता सप्तरीको प्रसिद्ध छिन्नमस्ता मन्दिरमा यस वर्ष लाखौं भन्दा बढी श्रद्धालु आउने अनुमान सहित सोही अनुसारको तयारी गरिएको मन्दिरका मुल पुजारी महाकान्त ठाकुरले बताए ।

आइतबारसम्ममा झण्डै ५० हजार स्वदेशी तथा विदेशी भक्तजनहरु दर्शनका लागि आएको उनको भनाई छ । लाखौंको संख्यामा आउने भक्तजनका लागी खानेपानी शौचालय, रात विताउनेका लागी उपयुक्त वासस्थान लगायतको तयारी समेत गरिएको छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिएका छन् ।

# देवी दुर्गा भवानीको ‘खोइछ’ भरिँदै

महोत्तरी, १६ असोज (रासस) ।

दशहारा (बडादसैं) पर्वका अवसरमा महोत्तरीसहितका मिथिला क्षेत्रमा देवी दुर्गाको ‘खोइछ’ (पोल्टा) भरिँदै जारी छ । महासप्तमी (फूलपाती) लागेसँगै मधेसको प्राचीन मिथिला क्षेत्रमा देवी दुर्गाको ‘खोइछ’ भर्न थालिएको हो । देवी शक्तिपिठ, मन्दिर र प्रतिमास्थलमा ‘खोइछ’ भर्नेको लाम छ ।

मिथिलामा असोज शुक्ल सप्तमीदेखि नवमीसम्मका तिथिका अगाडि ‘महा’ जोड्ने गरिएको छ । मिथिलामा नयाँ बनाइएका माटाका देवी प्रतिमा आइतबार बिहान प्राणप्रतिष्ठा गरिएसँगै दर्शनार्थीका लागि खुला गरिएका छन् । दर्शन खुला गरिएसँगै ‘खोइछ’ भर्न थालिएको हो । यो क्रम महानवमीको मध्यरातसम्म जारी रहने परम्परा छ ।

दशहारा पर्वको सप्तमी तिथि प्रारम्भ भई फूलपाती भित्रचाइएसँगै देवी कालरात्रिको पूजाआराधना गरिएपछि ‘खोइछ’ भर्नेक्रम थालिन्छ । खासगरी विभिन्न समयमा गरिएका भाकलअनुसार देवीको सारीको अँचरा (पोल्टा) मा वस्त्रपरिधान,

*बाँकी तीन पृष्ठमा*

# फुलपाती भित्राइयो



**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

दशैं अन्तरगत आइतबार फुलपातीका दिन नेपाली सेनाको बरख गण राजबिराजले दसैं घरबाट राजदेवी मन्दिरमा फूलपाती भित्राउन डोली पठाएको छ ।

विधिपूर्वक पूजाअर्चना गरी राजबिराज २ स्थित राजदेवी मन्दिरमा बिहान ७ बजेर १० मिनेटको शुभसाइतमा बाजा गाजासहित राजबिराज नगर परिक्रम गर्दै सो मन्दिरमा फूलपातीसहित डोली पठाइएको बरख गणले जनाएको छ ।

प्रत्येक बर्ष फूलपाती भित्रायाउने प्रचलन रही आएको बरख गण राजबिराजका मेजर ओमकार थापाले जानकारी दिए ।

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५२१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

**हार्दिक मंगलमय शुभकामना**



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**

**अध्यक्ष, तथा**

**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**

**संचालक समिति परिवार**

**राजविराज ८, सप्तरी**

# दसैं मनाउन १७ लाखले छाडे काठमाडौं उपत्यका

काठमाडौँ, १६ असोज (रासस)।

काठमाडौँ उपत्यकाबाट यस वर्ष गत वर्षभन्दा झन्डै दोब्बर यात्रु बाहिरिएका छन्। यो महिनाको सुरुदेखि आइतबार फूलपातीसम्म झन्डै १७ लाख उपत्यकावासी दसैँ मनाउन आ-आफ्नो घर गएका हुन्।

विगत दुई वर्ष कोभिडका कारण दसैँ मनाउन काठमाडौँ उपत्यका बाहिर जानेको सङ्ख्या कम हुने गरेकामा यो वर्ष ह्वात्तै बढेको हो। उपत्यकाबाट बाहिरका जिल्लाहरूमा जाने सबैभन्दा बढी नागरिकले सार्वजनिक यातायातको नै प्रयोग गरिरहेको राष्ट्रिय यातायात व्यवसायी महासङ्घ नेपालका अध्यक्ष विजय स्वाँरले बताउनुभयो। अहिलेसम्म १७ लाखको हाराहारीमा नागरिकले उपत्यका छाडेका छन् भने विजया दशमीको दिनसम्ममा अझै दुई लाखले उपत्यका छाड्ने अनुमान गरिएको छ। उहाँले भन्नुभयो, “विभिन्न कारणले जान नपाएकाहरू पनि भोलि र पर्सिसम्म जानुहुन्छ।”

विगतका वर्ष जस्तै यो वर्ष पनि सवारी साधनमा तोकिएको भन्दा बढी भाडा लिने, एउटै सिटमा दुई जनाको टिकट काट्ने, यात्रुलाई टिकट काट्दाको भन्दा फरक सिटमा राख्नेलगायतका समस्या यात्रुले भोगिरहेका छन्। कतिपय यात्रुले पहिले नै टिकट नकाटेर बीच बाटोबाटै गाडी चढ्दा बढी भाडा लिएको हुनसक्ने अध्यक्ष स्वाँरले बताउनुभयो। सवारी साधनहरूले सामान्य अवस्थामा प्रतिस्पर्धा हुँदा तोकिएको भन्दा कम भाडामा समेत यात्रु बोक्ने भए पनि अहिले तोकिएको लिइरहेको उहाँको भनाइ छ।

काठमाडौँबाट मात्रै होइन उपत्यका बाहिरका क्षेत्रीय सहरहरूबाट र जिल्ला सदरमुकामहरूबाट पनि धेरै यात्रु आ-आफ्नो घर जाने गरेका छन्। कतिपय यात्रु काठमाडौँ बाहिरबाट उपत्यका भित्रने भए पनि त्यो सङ्ख्या कम रहेको महासङ्घले जनाएको छ। आमनागरिकले उपत्यकाबाट सबै बस भरिएर गएको देखे पनि फर्किएर आउँदा खालीजस्तै हुने उहाँले बताउनुभयो।

सबै क्षेत्रले यात्रुबाहक सवारीसाधनलाई पहिलो प्राथमिकतामा दिएर त्यसपछि मात्रै निजी र मालबाहक सवारी साधनलाई दिनुपर्ने महासङ्घले सरकारसमक्ष माग गर्दै आएको थियो। शनिबारदेखि नै अति आवश्यक पर्ने सामान ल्याउने बाहेक अठार र बीस चक्के सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ। विभागले यही असोज १५ गतेदेखि २२ गतेसम्म नारायणगढबाट काठमाडौँसम्म सञ्चालन गर्न रोक लगाउने निर्णय गरेको छ।

दसैँ, तिहार, छठसँगै निर्वाचनमा जाने यात्रुहरू यो अवधिमा बाहिरिने महासङ्घले जनाएको छ। यो वर्ष दसैँ चाँडो परेकाले देशभरका धेरै सडकमा खाल्डाखुल्डी र पहिरो हटिसकेको छैन। दसैँलाई लक्षित गरी भदौदेखि नै मर्मत सुरु गरिएको भए पनि वर्षा अझै पूर्णरूपमा हटिनसकेकाले सबैतिरको सडक मर्मत गर्न कठिन भएको सडक विभागले जनाएको छ।

# दुर्गा पक्षको सातौँ दिन देशभरका शक्तिपीठमा भक्तजनको लाम

काठमाडौँ, १६ असोज (रासस)।

वडादसैँको सातौँ दिन अर्थात् दुर्गा पक्षका अवसरमा देशभरका देवी मन्दिरमा भक्तजनको बिहानैदेखि भीड लागेको छ।

वडादसैँका अवसरमा आइतबारैदेखि एकादशीसम्म सार्वजनिक बिदा दिइएको छ। सरकारी कार्यालय, विद्यालयलगायत शैक्षिक संस्था सबै बन्द भएपछि आममानिस पर्व मनाउन व्यस्त भएका छन्। बिदा भएपछि बिहानैदेखि देशभरका शक्तिपीठमा भक्तजनको भीड लागेको हो। सामान्यत शनिबार पनि मन्दिरमा भीड लाग्ने गरेकामा आइतबार दसैँको फूलपाती भएकाले भक्तजनको लर्को लागेको हो।

शक्तिपीठ र देवी मन्दिर वरिपरिका सडकमा सवारीको पनि चाप देखिन्छ। ती स्थानमा पार्किङ गरिएका सवारीको पनि लाम भेटिन्छ। अन्यत्र भने सडक खुला छ। अघिपछि सडक जाममा पर्ने यात्रु अहिले भने खुला वातावरणमा यात्रा गर्न पाउने भएका छन्। सवारी साधन कम भएपछि राजधानीको वातावरणमा पनि धुवाँ धुलोको मात्रा कम भएको छ।

राजधानीका गुह्येश्वरी, जयवागेश्वरी, मैतीदेवी, कालिकास्थान, नक्साल भगवती, भद्रकाली, शोभाभगवती, विजेश्वरी, कङ्केश्वरी, इन्द्रायणी, रक्तकाली, श्वेतकाली, दक्षिणकाली, चामुण्डामाई, सुन्दरीमाई, बज्रयोगिनी, बज्रबाराही, बगलामुखीलगायत मन्दिरमा भक्तजनको भीड छ।

यसैगरी उपत्यका बाहिरका देवी मन्दिरमा पनि भक्तजनको भीड बढ्न थालेको छ। पाथीभरा, छिन्नमस्ता, गहवामाई, पलाञ्चोक भगवती, नाला भगवती, चण्डेश्वरी, मनकामना, इच्छाकामना, विन्ध्यवासिनी, बाग्लुङ कालिका, शैलेश्वरी, उग्रतारा, बडीमालिकालगायत मन्दिरमा भक्तजनको भीड लागेको जनाइएको छ।

नवरात्रसमेत भनिने यस अवसरमा शक्तिपीठमा दर्शन गरेमा मनोकामना पूरा हुने धार्मिक विश्वास छ। विगतका दुई वर्ष कोरोना महामारीका कारण शक्तिपीठ बन्द गरी घर घरमै दुर्गा देवीको पूजाआराधना गर्न आह्वान गरिएको थियो। यस वर्ष भने कोरोनाको जोखिम कम भए पनि डेङ्गुको त्रास बढेको छ। यस वर्ष डेङ्गुबाट सुरक्षित भएर दसैँ मनाउन प्रशासनले आह्वान गरेको छ।

# चितवनको सौराहा पर्यटकको पर्खाइमा

चितवन, १६ असोज (रासस)।

दसैँको मुखमा सौराहाका ६५ हात्तीले दैनिक चार पटक पर्यटकलाई वन घुमाउँदा धेरैले पालो पाउँदैनथे। कतिपय कुरेर हात्ती चढ्थे भने कतिपय त्यसै फर्कनु पर्दथ्यो। यही पर्यटकको चापसँगै कोभिडले सुनसान बनाएको सौराहाको पर्यटन क्षेत्र यस वर्ष पनि पूर्ववत् अवस्थामा फर्कन सकेन।

विगतको तुलनामा यतिबेला सौराहा सुनसान छ। सौराहाका निजी हात्ती सञ्चालन गर्ने सामूहिक सहकारी युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष ऋषि तिवारी पर्यटकको पर्खाइमा रहेको बताउनुहुन्छ। उहाँका अनुसार अहिले दैनिक १०/१५ हात्तीले मात्र पर्यटक बोक्ने अवसर पाएका छन्। ६५ बाट घटेर हात्तीको सङ्ख्या ३२ मा झरेको छ। विगत चार वर्षअघिसम्मको अवस्थालाई स्मरण गर्दै तिवारीले भन्नुभयो, “यतिबेला हाम्रा ६५ हात्तीले दैनिक चार ट्रिप गर्दा पनि पर्यटकले पालो पाउँदैनथे। अहिले १०/१५ वटाभन्दा बढी हात्तीले एक ट्रिप पनि पाएका छैनन्।”

आफूहरु पर्यटकको आगमन हुनेमा आशावादी रहेको तिवारी बताउनुहुन्छ। क्रमशः पर्यटक बढ्नेमा उहाँ विश्वस्त हुनुहुन्छ। राप्ती किनारस्थित होटल सनसेटभ्यूका सञ्चालक दिपेन्द्र खतिवडा विगतमा दैनिक एक सयभन्दा बढी पर्यटक दैनिक रेष्टुरेन्टमा आउने भए पनि अहिले २० जना पनि पुग्न मुस्किल हुने गरेको बताउनुहुन्छ। उहाँले भन्नुभयो, “ग्राहक नै कम हुन्छन्। त्यसमा पनि पहिले जस्तो खर्च गर्ने अवस्था देखिँदैन।” पहिले पहिले मन फुकाएर ग्राहकले खर्च गर्ने गरेको भन्दै खतिवडाले अहिले त्यस्तो अवस्था नरहेको बताउनुभयो। उहाँले भन्नुभयो, “कोभिड-१९ को असर बल्ल देखिएको जस्तो लाग्छ।”

क्षेत्रीय होटल सङ्घका निवर्तमान अध्यक्ष सुमन घिमिरे घुम्ने समय परिवर्तन भएको आँकलन गर्नुहुन्छ। दसैँमा मात्र नभएर अन्य समयमा घुम्न थालेकाले यतिबेला सोचे जस्तो पर्यटक नआएको हुनसक्ने उहाँ बताउनुहुन्छ। घिमिरेले भन्नुभयो, “नेपाली मात्र होइन विदेशी पनि आएका छैनन्।” सडकको दुरावस्थाले पर्यटकलाई रोकेको हुनसक्ने उहाँको अनुमान छ।

जङ्गल क्राउनका कार्यकारी प्रमुख सन्तोष गिरी कोभिड-१९ का वर्षमा जति पर्यटक यो वर्ष सौराहामा नआएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, “कोभिडको वर्ष दसैँमा खुल्दै गर्दा होटल भरिएका थिए।” यसले राम्रो सङ्केत नदेखिएको उहाँको भनाइ छ। क्षेत्रीय होटल सङ्घ चितवनका अध्यक्ष दिपक भट्टराई सौराहामा आन्तरिक र बाह्य पर्यटक नआएको बताउनुहुन्छ।

भट्टराईको भनाइमा यतिबेला होटल ८० देखि ९० प्रतिशत भरिन्थे। यस वर्ष ३० प्रतिशतसमेत पुगेका छैनन्। तिहारसम्म राम्रो हुने अपेक्षा उहाँले गर्नुभयो। कोभिड-१९ को समयमा भन्दा कम पर्यटक सौराहा आएपछि व्यवसायी चिन्तित छन्। भट्टराईले भन्नुभयो, “हाम्रो अवस्था

*बाँकी तीन पृष्ठमा*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

डेंगुबाट बचौं
- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

विष्णुपुर गाउँपालिका
विष्णुपुर, सप्तरी

### चितवनको ...

श्रीलङ्काकोभन्दा कम छैन । खर्च गर्ने पैसा नभएर यस्तो अवस्था आएको हो भन्ने मलाई लाग्छ ।"

विगतमा यतिबेला सबै कर्मचारी होटलमा हुन्थे । यस वर्ष बिदा दिनुपरेको भट्टराईको गुनासो छ । उहाँले भन्नुभयो, "अहिले हामीले कर्मचारीलाई बिदा पठाउन थाल्यौं । विगतमा यस्तो थिएन । होटलमा पर्यटक आए आउने गरी बिदा गरेका हौं ।" आफूहरु तयारी अवस्थामा रहेको उहाँ बताउनुहुन्छ । सौराहामा एक सय २० होटल क्षेत्रीय होटल सङ्घमा आवद्ध छन् । सङ्घमा दर्ता नभएका अरु साना होटल पनि छन् । भट्टराईका अनुसार सौराहाका होटलमा आठ हजार पर्यटक अट्नसक्ने क्षमता छ ।

### देवी दुर्गा ...

सौन्दर्य प्रशाधन, द्रव्य (सुन, चाँदीसहितका धातुबाट बनेका गहना), नरिवल, केरासहितका फलफूल र नगद भेटीसहित सामग्री चढाउने विधिलाई मिथिलामा 'खोइछ' भर्ने भन्ने गरिन्छ ।

अहिले महोत्तरी जिल्लाको औरही नगरपालिका-७ स्थित सोनामाई देवी शक्तिपिठ, बदिबास-४ माइस्थानस्थित पञ्चधुरा माई मन्दिर, बर्दिबास-१४ स्थित दुर्गामन्दिर, जलेश्वरस्थित सन्सारीमाई र राजदवी मन्दिरमा 'खोइछ' भर्न लाम लाग्नेमा महिलाको सङ्ख्या धेरै छ । 'खोइछ' मा पुरुष सहभागी हुनसक्ने भए पनि यो विधिमा भने महिला बढी सहभागी हुने गरेका छन् । मिथिलामा दसैंको सप्तमीदेखि नवमी तिथिभरि 'खोइछ' भरिने परम्परा छ ।

'खोइछ' भरिनेक्रमसँगै बडादसैं पर्वको महासप्तमी पर्वका दिन यी ठाउँ (देवीस्थल)मा वलि दिनेक्रम सुरु हुन्छ । फूलपाती विधि सम्पन्न भएसँगै सप्तमीकै दिन सुरु हुने बलि नवमीसम्म जारी रहन्छ । जिल्लाको प्रसिद्ध सोनामाई देवी शक्तिपिठमा आइतबार मधेसका जिल्ला र छिमेकको भारतीय जिल्लाबाट हजारौंको सङ्ख्यामा भक्तजन दर्शन, पूजाआराधना र 'खोइछ' भर्न पुगेका छन् ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५



## हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण पालिकावासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जितेन्द्र प्रसाद गुप्ता**
प्रमुख
तथा
शम्भुनाथ नगरपालिका परिवार
कठौना, सप्तरी



## हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण पालिकावासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**उमेश प्रसाद यादव**
अध्यक्ष
तथा
विष्णुपुर गाउँपालिका परिवार
विष्णुपुर, सप्तरी


# विश्व समाचार

## इन्डोनेसियामा फुटबल खेलका क्रममा भएको हिंसामा एक सय २७ को मृत्यु

जाकार्ता, १६ असोज (रासस/सिन्ह्वा) ।

इन्डोनेसियामा जारी रहेको एक फुटबल खेलका क्रममा भएको हिंसामा परेर कम्तीमा पनि एक सय २७ जनाको ज्यान गएको छ ।

खेल हेर्न गएका खेलका पक्षधरबीचमा भएको हिंसामा परेर ती व्यक्तिको ज्यान गएको एकजना प्रहरी अधिकारीले जानकारी दिएका छन् । इन्डोनेसियाको पूर्वीजाभा प्रान्तको मलाङ्ग भन्ने स्थानमा भएको सो खेलका क्रममा सो खेलका समर्थकका बीचमा हिंसा भड्किएको थियो ।

हिंसामा परेर एक सय २७ जनाको ज्यान गएको र अरु कैयौं घाइते पनि भएका सो समाचारमा जनाइएको छ ।

इन्डोनेसियाली प्रहरीलाई उद्धृत गर्दै विभिन्न अन्तरराष्ट्रिय समाचार संस्थाले बताएअनुसार खेलका क्रममा एक खेलका पक्षधरले आफ्नो पक्षको हार सहन नसक्दा यस्तो घटना भएको थियो ।

इन्डोनेसियाको पूर्वीजाभा प्रान्तका प्रहरी प्रमुख निको अखिन्ताले दिएको समाचारमा खेलमा हार खाएको एक पक्षका समर्थकले हार सहन नसकेर हिंसा मच्चाएका थिए । त्यसपछि त्यहाँ जम्मा भएको भीडमा भागदौड पनि मच्चिएको थियो । भागदौडमा परेर करिब दुई सय जना घाइते पनि भएका जनाइएको छ ।

हार्ने पक्षका समर्थकले पिचमा आक्रमण गरेका थिए । त्यसलगत्तै प्रहरीले पनि भीड नियन्त्रण गर्नका लागि अश्रुग्यास प्रहार गरेको थियो । प्रहरीले अश्रुग्यास हानेपछि सो खेल हेर्न त्यहाँ जम्मा भएका भिडका बीचमा भागदौड भएको थियो । धेरै जसो मानिस भागदौडमा परेर ज्यान गुमाएका थिए ।

## फुटबल खेलको दङ्गामा मृत्यु हुनेको सङ्ख्या एक सय ७४ पुग्यो

मलाङ्ग, इन्डोनेसिया, १६ असोज (रासस/एएफपी) ।

इन्डोनेसियामा फुटबल खेलको क्रममा भएको दङ्गा भागदौडमा परिणत हुँदा आइतबार मृत्यु हुनेको सङ्ख्या एक ७४ पुगेको एक अधिकारीले स्थानीय सञ्चार माध्यमलाई जनाएका छन् ।

स्थानीय समयानुसार आइतबार बिहान ०९ :३० बजे मृत्युको सङ्ख्या एक सय ५८ पुगेको थियो, भने १०:३० यो सङ्ख्या एक सय ७४ पुगेको पूर्वीजाभा प्रकोप न्यूनीकरण एजेन्सीले सङ्कलन गरेको तथ्याङ्ग भएको पूर्वीजाभाका डेपुटी गभर्नर एमिल डार्डकले प्रसारक कोम्पासलाई टिभी च्यानललाई जानकारी दिनु भएको छ ।

इन्डोनेसियाली प्रहरीलाई उद्धृत गर्दै विभिन्न अन्तरराष्ट्रिय समाचार संस्थाले बताएअनुसार खेलका क्रममा एक खेलका पक्षधरले आफ्नो पक्षको हार सहन नसक्दा यस्तो घटना भएको थियो ।

इन्डोनेसियाको पूर्वीजाभा प्रान्तका प्रहरी प्रमुख निको अखिन्ताले दिएको समाचारमा खेलमा हार खाएको एक पक्षका समर्थकले हार सहन नसकेर हिंसा मच्चाएका थिए । त्यसपछि त्यहाँ जम्मा भएको भीडमा भागदौड पनि मच्चिएको थियो । भागदौडमा परेर करिब दुई सय जना घाइते पनि भएका जनाइएको छ ।

हार्ने पक्षका समर्थकले पिचमा आक्रमण गरेका थिए । त्यसलगत्तै प्रहरीले पनि भीड नियन्त्रण गर्नका लागि अश्रुग्यास प्रहार गरेको थियो ।

प्रहरीले अश्रुग्यास हानेपछि सो खेल हेर्न त्यहाँ जम्मा भएका भीडका बीचमा भागदौड भएको थियो । धेरै जसो मानिस भागदौडमा परेर ज्यान गुमाएका थिए ।

## बुर्किना फासोको सैनिक हस्तक्षेपप्रति राष्ट्रसंघीय महासचिवको चासो

संयुक्त राष्ट्रसङ्घ, १६ असोज (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरसले बुर्किना फासोमा भएको सैनिक हस्तक्षेप र कूप्रति चासो व्यक्त गर्नुभएको छ ।

उहाँले यहाँको सेनाले गरेको सैन्य 'कू'बाट नागरिक अधिकार हनन् भएका र सरकारमाथि हस्तक्षेप गरेको भन्दै पहिलेकै अवस्थामा फर्किन उहाँले बुर्किना फासोको सैनिकलाई आग्रह गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरसका प्रवक्ता स्टेफान डुजारिकले शनिबार एक विज्ञप्ति प्रकाशन गरेर सो कुराको जानकारी दिनुभएको हो ।

सेनाका तल्लो तहका अधिकारीले शुक्रबार यसैवर्ष सेनाको बलमा गरिएको सैनिकको विद्रोहमार्फत् सत्तामा आएका सेनाप्रति बफादार मानिएको भनिएका एक नेता (जुन्टा)लाई देशमा जिहादी आक्रमणविरुद्ध लड्न असफल भएको भन्दै पदच्युत गरेका थिए ।

महासचिव गुटेरसले थप शक्ति हत्याउने तथा देशका प्रजातान्त्रिक संरचना भत्काउनेकार्य नगर्न र गर्न नदिन यहाँको सेनालाई आग्रह गर्नुभएको छ ।

बुर्किना फासोका सेना प्रमुखले शुक्रबार यहाँका राष्ट्रपति सत्ताच्युत भएको घोषणा गरेका थिए । उनले देशको कार्यकारिणी अधिकार यहाँको सेनासँग रहेको पनि बताएका थिए ।

बुर्किना फासोको सरकारले सत्ता हत्याएको घटनाको युरोपेली सङ्घलगायत विभिन्न अन्तरराष्ट्रिय सङ्घसंस्थाले विरोध गरेका छन् । उनीहरुले प्रजातान्त्रिक तवरबाट सरकार सञ्चालन गर्ने वातावरण निर्माण गर्न यहाँको सेनालाई आग्रह गरेका छन् ।

# तोकियो निर्वाचनका लागि खर्चको सीमा

काठमाडौँ, १६ असोज (रासस)।

निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि आइतबार राजनीतिक दल वा उम्मेदवारले गर्ने खर्चको अधिकतम हद (सीमा) तोकेको छ। आयोगले निर्वाचन क्षेत्रको मतदाता सङ्ख्या, मतदान केन्द्रको सङ्ख्या र क्षेत्रफललाई आधार मानी सूत्रमा आधारित भई विद्यमान कानूनबमोजिम निर्वाचनका लागि खर्चको हद तोकेको हो।

खर्चको सीमा तोकिनुपूर्व आयोगले दलहरूसँग गरेको परामर्शमा सबै निर्वाचन क्षेत्रमा एकै प्रकारको खर्चको हद नतोक्न सुझाव आएअनुसार आयोगले फरक फरक हुने गरी निर्णय गरेको छ।

खर्चको हद निर्धारण गर्दा २०७९ साल भदौ ३१ गते कायम भएको मतदाताको आधारमा सम्बन्धित निर्वाचन क्षेत्रमा कायम मतदाताको सङ्ख्यालाई ६० प्रतिशत, मतदान केन्द्रको आधारमा सम्बन्धित निर्वाचन क्षेत्रमा कायम भएको मतदान केन्द्रको सङ्ख्यालाई २० प्रतिशत र भौगोलिक क्षेत्रको हकमा सम्बन्धित निर्वाचन क्षेत्रले ओगटेको क्षेत्रफललाई २० प्रतिशत भार निर्धारण गरिएको छ।

उल्लिखित भारका आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनमा काठमाडौँको निर्वाचन क्षेत्रहरू १, ३, ६, ७ र ८ मा निर्वाचन खर्चको हद रु २५ लाख कायम हुनेछ। यस्तै १७ वटा निर्वाचन क्षेत्रमा रु २७ लाख, ६५ वटा निर्वाचन क्षेत्रमा रु २९ लाख, ५२ वटा निर्वाचन क्षेत्रमा रु ३१ लाख र २६ वटा निर्वाचन क्षेत्रमा निर्वाचन खर्चको हद रु ३३ लाख कायम हुनेछ।

त्यस्तै उल्लिखित भारका आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने प्रदेशसभाको निर्वाचनमा उल्लिखित ७० वटा निर्वाचन क्षेत्रमा निर्वाचन खर्चको हद रु १५ लाख, १४३ वटा निर्वाचन क्षेत्रमा रु १७ लाख, ५६ वटा निर्वाचन क्षेत्रमा रु १९ लाख, २९ वटा निर्वाचन क्षेत्रमा रु २१ लाख र ३२ वटा निर्वाचन क्षेत्रमा निर्वाचन खर्चको हद रु २३ लाख कायम गरिएको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले ल्यस्आइतबार जारी गर्नुभएको विज्ञप्तिमा समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा राजनीतिक दलले गर्ने निर्वाचन खर्चको हद प्रत्येक राजनीतिक दलले पेश गरेको बन्दसूचीमा सूचीकृत उम्मेदवारको सङ्ख्याअनुसार प्रतिउम्मेदवार रु दुई लाख हुनेछ। समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रदेशसभा सदस्यको निर्वाचनमा राजनीतिक दलले गर्ने निर्वाचन खर्चको हद राजनीतिक दलले सम्बन्धित प्रदेशमा पेश गरेको बन्दसूचीमा सूचीकृत उम्मेदवारको सङ्ख्याअनुसार प्रतिउम्मेदवार रु एक लाख ५० हजार कायम हुनेछ।

निर्वाचनमा सहभागी हुने राजनीतिक दल वा उम्मेदवारले तोकिएबमोजिमको रकम मतदाता नामावली खरिद, सवारी साधन, प्रचारप्रसार सामग्री, ढुवानी, गोष्ठी अन्तरक्रिया, अन्य प्रचारप्रसार, छापा एवं विद्युतीय माध्यम ( सामाजिक सञ्जालसमेत), कार्यालय सञ्चालन र प्रतिनिधि परिचालनलगायतका विषय क्षेत्रमा खर्च गर्न पाउनेछन्।

नेपाल सरकार, मन्त्रिपरिषद्को गत भदौ १९ गतेको निर्णयानुसार प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६ को उपदफा (१) बमोजिम आगामी मङ्सिर महिनाको ४ गते आइतबारका दिन एकै चरणमा प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचनको मिति तोकिएको छ।

नेपालसरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
राजविराज, सप्तरी

फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स : ०३१-५२०६२४

प.सं. :२०७९/०८० (प्रशा.)
च.नं.

**हातहतियार बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना**
**मिति २०७९।०६।१४**

आगामी २०७९ साल मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण, स्वतन्त्र, स्वच्छ, निशपक्ष, भयरहित र विश्वसनीय वातावरणमा सम्पन्न गर्न सप्तरी जिल्ला भित्र रहेका इजाजत पत्र प्राप्त हातहतियारहरु निर्वाचन कार्य सम्पन्न भएको एक हप्ता पश्चात फिर्ता पाउने गरी मिति २०७९ कार्तिक ५ गते भित्र नजिकको प्रहरी इकाई मार्फत जिल्ला प्रहरी कार्यालय वा सोझै जिल्ला प्रहरी कार्यालयमा बुझाउनुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ।

०७९।०६।१४
भूपेन्द्र थापा
प्रमुख जिल्ला अधिकारी


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## डेँगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेँगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

शम्भुनाथ नगरपालिका
कठौना, सप्तरी

## जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं।

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर तथा कार्यस्थलबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

शहर तथा गाउँ स्वच्छ र सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*